# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

# चुरे गाउँपालिका

## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्या: २०७८।७९
च.नं.३८६

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
चुरे गाउँपालिका, कैलाली ।

**कैफियत सहितको राय**

हामीले **चुरे गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.३ करोड ५६ लाख ५९ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६३ लाख १७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ५६ हजार, नियमित गर्नुपर्ने रु.८८ लाख ६८ हजार र पेश्की रु.४ लाख १७ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.५ करोड ८३ लाख १३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड ७२ लाख ४७ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# चुरे गाउँपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फस्यौंट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४४ | २७ | ३५६५९ | ० | ० | ० | ४४ | २७ | ३५६५९ | ६३१७ | ८८६८ | २००५६ | ० | ० | २८९२५ | ४१७ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ५८३१३ | ० | ६७२५ | ५१५८८ | ० | ३५६५९ | ८७२४७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : चुरे गाउँपालिका, कैलाली , चुरे गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नन्द लाल पाण्डेय | २०७८-७-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | विवि राज सोती | २०७७-१०-१ | |
| कार्यालय प्रमुख | बसन्त बहादुर बोहरा | २०७७-४-१ | |
| लेखा प्रमुख | भक्त राज भट्ट | २०७८-१०-१० | |
| लेखा प्रमुख | दीपक कार्की | २०७८-४-२२ | |
| लेखा प्रमुख | झुना पौडेल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३५,६५९,१४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,५६,६४,४६०.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,६२,२२,७०९.१७ | **चालु खर्च** | ३२,४६,९९,६९८.५४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६२,८५,००० | **पूँजीगत खर्च** | १५,८१,४३,५२५.३४ |
| **राजश्व बाँडफाँट** | ७,६८,३१,१८८.९७ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ४९,२६,२१८.७ | | |
| **अन्य आय** | ९५,९१,८१० | | |
| **कुल आय** | ४८,३८,५६,९२६.८४ | **कुल खर्च** | ४८,२८,४३,२२३.८८ |
| **बाँकी मौज्दात** | | ८,६६,७८,१६३.६६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ ।नेपालको सुदूर पश्चिम प्रदेशको कैलाली जिल्ला अर्न्तगतको **यस चुरे गाउँपालिकामा ६ वडा, ३४ सभा सदस्य, ४९३.१८ वर्ग किलोमिटर क्षेत्रफल तथा १८९२४ जनसंख्या रहेको छ ।**<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित विवरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसँग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायतसम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुल**<br>लेखापरीक्षण तथा आन्तरिक लेखापरीक्षणको क्रममा औंल्याएको बेरुजु रु.२५४६१०।- पालिकाले असुल गरी संघीय संचित कोष तथा स्थानीय संचित कोषमा दाखिला गरेको छ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• *पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन* ,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखी चालु खर्च खाता र पूँजीगत खर्च खाताबाट संचित कोषमा रकम समयमा स्थानान्तरण गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो,<br>• पालिकाले वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गर्दा जिन्सी एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै जानकारी दिएको पाईएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन,<br>•गाउँपालिकाले पूँजीगततर्फ रु.१४ करोड ४८ लाख ७८ हजार खर्च गरेकोमा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको **पाईएन,**<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म. ले.प.फा.नं. ५०७)र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाईएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बजेट पेश तथा स्वीकृति-**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मिति २०७७।३।१० गते रु. ४३ करोड ३३ लाख ६१ हजारको बजेट सभासमक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने २०७७।४।५ मा अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनको व्यवस्थाबमोजिम बजेट पारित भएको ७ दिनभित्रै खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| ५ | | | **बजेट अवण्डा-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा गाउँपालिकाले विशिष्टिकृत रुपका कार्यक्रम नतोकी समष्टिगत रुपमा वडातर्फ भैपरी चालु तथा पूँजीगत शीर्षकमा रु.३१ लाख रुपैयाँ अबण्डा राखी बजेट पारित गरेको छ । गाउँपालिकाले विभिन्न निर्णयको आधारमा कार्यक्रम बनाई रकमान्तर गरी खर्च गरेको छ । पालिकाले बजेट अवण्डा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६ | | | **रकमान्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पटके निर्णयबाट ३६ कार्यक्रमबाट रु.१ करोड ७७ लाख ६४ हजार घटाई विभिन्न ६१ योजना तथा कार्यक्रममा रु. ४ करोड २८ लाख ४६ हजार बढाई अर्थात बजेटको ९.८९ प्रतिशत रकमान्तर भएको छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| ७ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा समितिले ऐनको व्यवस्थाअनुसार उपलव्ध गराएको छैन । समितिले ऐनको व्यवस्थाअनुसार कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **चौमासिक खर्च स्थिति-**<br>गाउँपालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.१४ करोड ४८ लाख ७८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ५७ लाख ८७ हजार अर्थात १०.९० प्रतिशत, दोश्रो चौमासिकमा रु.२ करोड ६० लाख २७ हजार अर्थात १७.९६ प्रतिशत र तेश्रो चौमासिकमा रु.१० करोड ३० लाख ६४ हजार अर्थात ७१.१४ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.५ करोड ८६ लाख २५ हजार अर्थात ४०.४७ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमास तथा असार महिनामा पूँजीगत खर्चमा चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । | |
| ९ | | | **क्षेत्रगत बजेट तथा खर्च स्थिति-**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट ( रु. हजारमा) | खर्च ( रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५१२२० | ४४११९ | ८६.१४ |
| २ | पूर्वाधार विकास | १२००९७ | ८०५१९ | ६७.०४ |
| ३ | सामाजिक विकास | २१९४७० | १९७७३९ | ९०.१० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५३४९ | १२९५७ | ८४.४२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९७३८९ | ९१५१३ | ९३.९७ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ९३.९७ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ६७.०४ प्रतिशत रहेको छ । पूजीगत क्षेत्रको बजेट सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना छनौट-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको १८० योजनामध्ये रु.५ लाखभन्दा घटीका योजना १०६ , रु.५लाखदेखि रु.१० लाखसम्मका ४३ योजना, रु.१० लाखदेखि रु.५० लाखसम्मका २५ योजना तथा रु.५० लाखभन्दा बढीका ६ योजना रहेका छन् । अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| ११ | | | **खरिद व्यवस्थापन-** | |
| ११.१ | | | **क) कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>**ख) म्याद थप-**<br>सम्झौता कार्यान्वयन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहर्‍याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **क) गुणस्तर परीक्षण**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अतः गुणस्तर परिक्षण बेगरको निर्माणकार्य गुणस्तरीय छ भन्न सक्ने अवस्था रहेन। अतः नियमानुसार निर्माण सामाग्रीको गुणस्तर परिक्षण गराउनु पर्दछ ।<br>**ख) वीमा -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने ब्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो अनुसार सबै ठेक्कामा बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| ११.३ | | | **क) समयावधि र कार्यतालिका** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि अधिकाश ठेक्कामा कार्य सम्पन्न गर्नुपर्ने समय तालिका पेश गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गरी सम्झौताको शुरुमा तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।<br><br>**ख)सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमका कार्यहरु निरन्तर सन्चालन गरी सार्बजनिक जिम्मेबारी प्रबर्धनलाई बढावा दिनुपर्दछ । | |
| १२ | | | **राजश्व निरीक्षण**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्थामा करदाताले बुझाएको रकमलाई नै यथार्थ रकम मानी अशुल तथा दाखिला गर्ने कार्यले पालिकालाई प्राप्त हुनु पर्ने सबै राजश्व कानूनी प्रकृया पुरा यथार्थरुपमा दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कार्ययोजना स्वीकृत नगरेको**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनु पर्दछ । | |
| १४ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१ लाख ९ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १५ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । उक्त व्यहोरा अनुसार अशुल भएको राजश्व दाखिला गरेको एकिन गर्नका लागि राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता म ले प फा नं १०६ र राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोस्वारा खाता म ले प फा नं १०७ मा दैनिक पोष्टङ्ग गर्नु पर्नेमा सो अनुसार गरेको देखिदैन । यस्तो अबस्थामा अशुल गरिएको राजश्व समयमा दाखिला नगरेको अबस्थामा जरिवाना समेत गणना गरी दाखिला भएको छ भन्ने अबस्था छैन ।यसमा सुधारका लागि तोकिएका सबै म ले प फाराममा तोकिए अनुसार पोष्टङ्ग गर्ने र समयमा दाखिला नगरेको अबस्था जरिवाना समेत अशुल गर्ने व्यबस्था गर्नु पर्दछ । | |
| १६ | | | **सार्वजनिक सम्पत्तिको संरक्षण तथा उपयोग**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जगाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १७ | | | **प्रगति प्रतिवेदन-**<br>पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेको देखिएन जसले गर्दा सम्पादित कामको परिमाण र अबस्था को बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेकोले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सो को बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| १८ | | | **कर्मचारी कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषमा गत वर्षसम्म ५५०३५१।- मौज्दात रहेको यस वर्ष वित्तीय समानीकरणबाट रु.५ लाख एकमुष्ट ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्नुपर्दछ । कोषमा गत विगतदेखि कृषि विकास बैंकमा मौज्दात रहेको रु.५५०३५१।- जिम्मेवारी सारी स्रेस्तामा मौज्दात देखाएको छैन । उक्त रकम जिम्मेवारी सारी प्रमाण पेश गर्नुपर्ने रु. | ५५०,३५१ |
| १९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । सो व्यवस्था अनुसार गाउँपालिकाले समिति गठन गरेको छैन। कानूनको व्यवस्थाबमोजिम समिति गठन गर्नुपर्दछ । | |
| २० | | | **गाउँ प्रोफाइल-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गाउँपालिकाले गाउँ प्रोफाइल तयार गरेको छ। गाउँपालिकाले बजेट तर्जुमादेखी योजनाहरु सञ्चालन गर्दा गाउँ प्रोफाइललाई आधार मानी तर्जुमा गर्नुपर्दछ । | |
| २१ | | | **पेश्की व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **कार्यक्रम पेश्की-**<br>सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| २१.२ | | | **उपभोक्ता समितिलाई पेश्की-**<br>उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछ्र्यौट नहुने गरी पेश्की समेत उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिई काम गराएको पनि देखिन्छ । आ.व. को अन्त्यतिर पेश्की दिई काम गराउँदा गुणस्तरयुक्त काम नहुन सक्ने र अनुगमन मुल्याङ्कनमा पनि कठिनाई हुन सक्ने हुँदा यस्तो प्रकृयाबाट काम गराउने प्रकृयामा सुधार हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>पेश्की फछ्र्योंटः<br>पेश्की दिएको रकम म्यादभित्र फछ्र्योंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्योंट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु.२८२९९९६।– तथा म्याद नाघेको पेश्की रु.४१७४०९।- समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>पान नं.</th><th>रकम</th></tr>
<tr><td></td><td>म्याद ननाघेको</td><td></td><td></td></tr>
<tr><td>१</td><td>अमन एण्ड इशा कन्सट्रक्शन प्रा.लि.</td><td></td><td>९०१२३१</td></tr>
<tr><td>२</td><td>एम.के. - टि.डि.आर जे.भि.</td><td></td><td>१५०००००</td></tr>
<tr><td>३</td><td>लुम्विनी ईन्जिनियरिङ्ग वर्क्स प्रा.लि</td><td></td><td>१६२०२७</td></tr>
<tr><td>४</td><td>लुम्विनी ईन्जिनियरिङ्ग वर्क्स प्रा.लि</td><td></td><td>२६६७३८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२८२९९९६</td></tr>
<tr><td></td><td>म्याद नाघेको</td><td></td><td></td></tr>
<tr><td>१</td><td>सागडी खोला झुलुगे पुल निर्माण उपभोक्ता समिति</td><td></td><td>४१७४०९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४१७४०९</td></tr>
</table></td><td>४१७,४०९</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुदान फिर्ता-<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तसम्म खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.१ करोड ५८ लाख ६७ हजार ५ सय १ ।- संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.१ करोड ४३ लाख ८ सय ९९ ।- प्रदेश सञ्चित कोषमा २०७८।६।११ मा फिर्ता गरेको छ । खर्च नभएको अनुदान रकम असार मसान्तभित्रै सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कानून निर्माण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी २९ कानून बनाएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्वास्थ्य, स्थानीय तथ्याङ्क लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। | |
| २४ | | | **न्यायिक समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७७/७८ मा गत वर्षको ४ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष २० मुद्दा दर्ता भएकोमा सम्पूर्ण मुद्दा फछ्र्यौट भएका छन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी पालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाउँपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |
| २५ | | | **सूचना प्रविधि-**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले स्वीकृतीवेगरका पेरोल सफ्टवेयर, वडा सिफारिस सफ्टवेयर खरिदमा रु.४ लाख ५० हजार खर्च गरेको छ । यस्ता महत्वपूर्ण सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छ भन्ने अवस्था रहेन । यस्ता सफ्टवेयर प्रयोगमा ल्याउँदा स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| २६ | | | **पदाधिकारी सुविधा-**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ५४ लाख ३१ हजार ५ सय सुविधा वापत भुक्तानी भएको छ । | |
| २७ | | | **आर्थिक सहायता-**<br>अन्य आर्थिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई रु.३०००।- देखि २५०००।- सम्म गरी जम्मा रु.४७३०२०।– नगद बाँडेको देखियो । पालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि बनाई बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था नभएको देखिँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **शैक्षिक गुणस्तर-**<br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनोट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि गाउँपालिकाको ध्यान जानु पर्दछ । | |
| २९ | | | **दरवन्दी तथा पदपुर्ति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका २ सहित १२ पद रिक्त रहेको छ । दरवन्दी संरचनामा रहेक नरहेका समेत गरी ५४ जना कर्मचारीहरु करारबाट पूर्ति गरिएको छ । गाउँपालिकामा दरवन्दीबाहेकका जनशक्तिसमेत कार्यरत रहेको देखिएकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रतिवेदन अनुसार दरवन्दी मिलान गर्नुपर्ने र कर्मचारी नियुक्ति, बढ्वा लगायतका काम गर्दा प्रदेश लोकसेवा आयोग ऐनले तोकेको प्रकृया पुरा गरी लागु गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **सेवा प्रवाह-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐनकानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १२३१ |
| मृत्युदर्ता | १२० |
| बसाईसराई दर्ता | ४०१ |
| विवाह दर्ता | १८७ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | पेश नभएको |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**कोभिड कोष आय व्यय-**

कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न पालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ। प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ।

<table>
<tr><th>आम्दानीको विवरण</th><th>रकम</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>गत बर्षको मौज्दात</td><td>९६५८२६.४७</td><td>राहत वितरण</td><td>१७६८७७</td></tr>
<tr><td>प्रदेश संचित कोष</td><td>२५०००००</td><td>क्वारेण्टिन तथा आइसोलेसन व्यवस्थापन</td><td>१०६८०३.८७</td></tr>
<tr><td>आन्तरिक स्रोत</td><td>०</td><td>जनशक्ति व्यवस्थापन</td><td>४५००००</td></tr>
<tr><td>संघीय कोभिड कोष</td><td>१०००००० </td><td>औषधि एवं स्वास्थ्य सामग्री</td><td>१०१२३९८</td></tr>
<tr><td>अन्य</td><td></td><td>अन्य</td><td>२३६८९२.७०</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>२४८२८५४.९०</td></tr>
<tr><td>जम्मा</td><td>४४६५८२६.४७</td><td>जम्मा</td><td>४४६५८२६.४७</td></tr>
</table>

कार्यालयले औषधि एवं स्वास्थ्य सामग्री खरिदमा रु.१० लाख १२ हजार खर्च सोझै खरिद विधिबाट गरेको छ। पालिकाले खर्च गर्दा प्रतिस्पर्धा हुने विधि अपनाई खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४५५००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.४९२६२१८।- अर्थात अनुमान भन्दा प्रतिशत ९.६४ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

<table>
<tr><th>विवरण</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>११३१४ भुमिकर/मालपोत</td><td>३०००००</td><td>२८४९४०</td><td>९४.९८</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११३२१ घरवहाल कर</td><td>५०,०००</td><td>६८१६६</td><td>१३६.३३</td></tr>
<tr><td>११६९१ अन्य कर</td><td>२२५,०००</td><td>२७५२०५</td><td>१२२.३१</td></tr>
<tr><td>१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम</td><td>२५०००००</td><td>५२०९७५</td><td>२०.८४</td></tr>
<tr><td>१४२२९ अन्य प्रशासनिक सेवा शुल्क</td><td>५०,०००</td><td>४४४९०</td><td>८८.९८</td></tr>
<tr><td>१४२४३ सिफारिश दस्तुर</td><td>२७५०००</td><td>५३७७५०</td><td>१९५.५५</td></tr>
<tr><td>१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>१५००००</td><td>१५९९००</td><td>१०६.६</td></tr>
<tr><td>१४२४५ नाता प्रमाणित दस्तुर</td><td>१०००००</td><td>६४३५०</td><td>६४.३५</td></tr>
<tr><td>१४२४९ अन्य दस्तुर</td><td>१०००००</td><td>२६७००८८</td><td>२६७०.०९</td></tr>
<tr><td>१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>५०००००</td><td>१९०९७५</td><td>३८.२</td></tr>
<tr><td>१४६११ व्यवसाय कर</td><td>३०००००</td><td>१०९३८०</td><td>३६.४६</td></tr>
<tr><td>जम्मा</td><td>४५५००००.</td><td>४९२६२१९</td><td>१०८.२७</td></tr>
</table>
माथिको तालिकाबाट अनुमानको न्यूनतम २०।८४ प्रतिशत देखि अधिकतम २६७०।०९ प्रतिशतसम्म देखिएबाट आय अनुमान यथार्थमा आधारित भएको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्रका आयका स्रोतहरुको पहिचान गरी थप आय वृद्धि गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ । पालिकाको आफ्नो क्षेत्रभित्रको खोलानालाको नदीजन्य पदार्थको रोयल्टी संकलनको लागि गत विगतमा आय ठेक्का लाग्ने गरेकोमा यस आर्थिक वर्षमा पालिकाको क्षेत्रसम्बन्धमा अन्य पालिकाले दावी गरेको कारणले आय ठेक्का लगाउन नसकेको कार्यालयले जनाएको छ । पालिकाको आफ्नो पालिकाको क्षेत्रसम्बन्धी विवाद भएको खण्डमा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी विवाद समाधान गरी नदीजन्य पदार्थको उपयोग गर्नेतर्फ पालिकाले ध्यान पुर्‍याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>जिम्मेवारी सम्बन्धमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । गाउँपालिकाको आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा मौज्दात जिम्मेवारी सारेको सम्बन्धमा कैफियत देखिएका व्यहोरा निम्नानुसार छन्ः<br>**(क)** विविध कोषतर्फ गत आ.व.मा रु.३१७७८८२।९४ अन्तिम मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९६५८२६।४७।८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२१२०५६।– घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेबारी सारेको सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.<br>**(ख)** सञ्चित कोषमा गत आ.व.मा रु.५२७२८६७७।- अन्तिम मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ८३८७२८९१।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३११४४२१४।– बढी जिम्मेवारी सारेको छ । बढी जिम्मेबारी सारेको सम्बन्धमा पालिकाबाट कारण स्पष्ट गर्नु पर्दछ । | २,२१२,०५६ |
| ३३.२ | | | धरौटीतर्फ गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा रु.४२७२४४९।१४ अन्तिम मौज्दात देखिएकोमा यस वर्ष रु. ८२५७४३ मौज्दात जिम्मेवारी सारेको छ । रु.३४४६७०६।१४ घटी मौज्दात सारेको सम्बन्धमा स्पष्ट गर्नुपर्ने देखिएको रु. | ३,४४६,७०६ |
| ३३.३ | | | पालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकमा रु.१६६५०००।- मौज्दात रहेकोमा कार्यालयले स्रेस्तामा उक्त मौज्दात देखाएको छैन । कार्यालयले उक्त मौज्दात आम्दानी जनाई संचित कोषमा ल्याएको प्रमाण पेश हुनुपर्ने रु. | १,६६५,००० |
| ३४ | | | **धरौटी सम्बन्धमा**<br>गाउँपालिकाले कारोवारको तोकिएको ढाँचामा लेखा राखी आर्थिक विवरण तयार गर्नुपर्दछ । पालिकाले यस वर्ष गत विगतको जिम्मेवारी र यस वर्षको आयसमेत सम्बन्धित व्यक्ति वा संस्था धरौटी फिर्ता लिन आएको खण्डमा आम्दानी जनाई खर्च लेखेको छ । जसबाट धरौटीमा यस वर्ष के कति आम्दानी भएको हो सो यकिन गर्न सकिएन । कार्यालयले धरौटीको आय व्यय तथा लेखा अद्यावधिक गर्नुपर्दछ । | |
| ३५ | | | **सि यु जि सेवा**<br>कोभिड-१९ का कारण उत्पन्नि परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप १.२ अनुसार शिक्षक तथा विद्यार्थीलाई सि.यू. जि. सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थि संख्याका आधारमा प्रति विद्यार्थि मासिक रु.१२५। का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था अनुरुप गाऊपालिकाले विद्यालयहरुलाई सो कार्यको लागि रु.३२,३६,७२५। रकम निकासा दिएकोमा पालिकाले सो कार्यक्रम विद्यालयहरुले सञ्चाालन गरे नगरेको प्रमाण संलग्न गरेको छैन । उक्त रकम निकासा सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गरी प्रमाण पेश हुन नआए उक्त रकम असुल हुनुपर्ने रु | ३,२३६,७२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **सहजपुर अलाउ सडक-**<br>निर्माण ब्यवसायी जागृति निर्माण सेबा प्रा लि संग २०७६।३।३० मा सम्झौताको २ बर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने शर्तमा कबोल रु.२,९८,८१,९८६।९० (मू अ कर बाहेक) मा ठेक्का संझौता भएको देखिन्छ । चौथो रनिङ बिलसम्म रु.१,६६,२६,७२८।५९ मात्रको कार्य सम्पन्न भएको आधारमा सुरु सम्झौताको अवधी सकिइ सकेको भए पनि करिब ५६ प्रतिशतमात्र काम सम्पन्न भएकोले निर्माण कार्यमा अपेक्षित प्रगति हुन नसकेको, बर्षाको कारण सडकको सतह हिलो भई यातायात संचालनमा कठिनाइ भई सवारी दुर्घटना हुने अवस्था आएकोले निर्माण कार्यको प्रगति बिबरण सहित ५ दिनभित्र अनिबार्य उपस्थित हुन भनि २०७८।३।११ को पत्रबाट जानकारी गराएको देखिन्छ ।उक्त मितिमा उपस्थित नभएमा सार्बजनिक खरिद ऐन, नियम अनुसार कारबाही गरिने ब्यहोरासमेत उल्लेख गरेको देखिन्छ । उक्त पत्र अनुसार निर्माण व्यबसायी उपस्थित भए पनि बिभिन्न क्रियाकलापको परिमाणमा थपघट गरी रु. ३,६१,१८,२००।६० (मू अ कर समेतको) भेरिएशन आदेश जारी गरेको देखिए पनि सम्झौता अनुसार निर्माण अवधी थप नभएको, कार्य सम्पादन तथा पेश्की जमानत लगायत बीमाको म्यादथप आदिका प्रमाण लेखापरीक्षण समय २०७८ फागुनसम्ममा पनि पेश हुन आएन । यस्तो अवस्थामा ठेक्का सम्झौता अनुसार ०.०५ प्रतिशत प्रतिदनका दरले (१० प्रतिशतमा नबढने) हुने पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी कार्य सम्पन्न गराउनु कार्यालयबाट थप पहल हुनुपर्ने रु. | २,९८८,१९९ |
| ३७ | | | **वडा नं १ कार्यालय भबन निर्माण -**<br>निर्माण ब्यवसायी पृथ्बी कन्स्ट्रक्सनसंग भबन निर्माण कार्य शुरु गरेको १८ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने शर्तमा २०७६।२।२० मा रु.१,०६,३५,१५१।७२ को कबोलमा ठेक्का संझौता भएकोमा चौथो रनिङ बिलसम्म रु. ८२,९१,६६२।०० भुक्तानी भएको छ ।लेखापरीक्षण समय २०७८ फागुनमसान्त सम्ममा निर्माण सम्पन्न गर्ने समय सकिइ सकेको भए पनि निर्माण अवधी थपका लागि म्याद थप माग नगरेको तथा कार्य सम्पादन जमानत लगायतको म्यादथप भएको पाइएन । यस्तो अवस्थामा ठेक्का सम्झौता अनुसार ०.०५ प्रतिशत प्रतिदनका दरले (१० प्रतिशतमा नबढने) हुने पूर्व निर्धारित क्षतिपूर्ति रु.१०,६३,५१५।- असुल गरी कार्य सम्पन्न गराउनुपर्ने रु. | १,०६३,५१५ |
| ३८ | | | **वडा नं. २ भवन निर्माण-**<br>निर्माण ब्यवसायी अमन एण्ड इशा कन्स्ट्रक्सन प्रा लिसंग भबन निर्माण कार्य शुरु गरेको १३ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने शर्तमा २०७७।२।९ मा ठेक्का सम्झौता भएको देखिन्छ । ठेक्का संझौता रकम रु.१,०१,८३,९१५।९५ भएकोमध्ये रु. ९,०१,२३१।०० को काम सम्पन्न गरेको भनि भुक्तानी भएको छ ।लेखापरीक्षण समय २०७८ फागुनमसान्त सम्ममा निर्माण सम्पन्न गर्ने समय सकिइ सकेको भए पनि निर्माण अवधी थपका लागि म्याद थप माग नगरेको तथा कार्य सम्पादन जमानत लगायतको म्यादथप भएको पाइएन । यस्तो अवस्थामा ठेक्का सम्झौता अनुसार ०.०५ प्रतिशत प्रतिदनका दरले (१० प्रतिशतमा नबढने) हुने पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी कार्य सम्पन्न गराउनुपर्ने रु. | १,०१८,३९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**प्रोभिजनल सममा मु अ कर भुक्तानी-**

प्रोभिजनल समको रकम भुक्तानी गर्दा प्राप्त बिलमा मु अ कर थप गरी भुक्तानी दिन मिल्ने देखिँदैन ।तर निम्न निर्माण कार्यको बि ओ क्यु बमोजिम प्रोभिजनल समका रकम भुक्तानी गर्दा मूल्य अभिबृध्दि कर भुक्तानी गरेकोले भुक्तानी गरेको मूल्य अभिबृध्दि कर अशूल गरी राजश्वमा दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>क्र सं</th><th>गो भौ नं र मिति</th><th>बिबरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>1.</td><td>९६।२०७७।१२।२</td><td>वाइ आर कन्स्ट्रक्सनलाइ तेश्रो रनिङ बिलको रकम भुक्तानी गर्दा ।</td><td>१०७२५।</td><td>प्रोभिजनल समको रकम रु ८२,५००।०० मा मूल्य अभिबृध्दि कर भुक्तानी गरेको ।</td></tr>
<tr><td>2.</td><td>२१९।२०७८।३।१८</td><td>एम के टि डि आर जे भी</td><td>२९६७६।</td><td>फल्टुडे बयाला धनेरी शडक निर्माण वडा नं ६ को तेश्रो रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनल सममा ब्यबस्था भएका बिमाशुल्क लगायतका रकम रु २,२८,२७९।०० मा मूल्य अभिबृध्दि कर भुक्तानी गरेको ।</td></tr>
<tr><td>3.</td><td>9/283/142/307। २०७८।३।२९ समेत</td><td>पृथ्वी कन्स्ट्रक्सन</td><td>९७५०।</td><td>प्रोभिजनल सममा ब्यबसथा भएको बीमा शुल्क रु ७५,०००।०० मा मूल्य अभिबृध्दि कर भुक्तानी गरेको ।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५०१५१।</td><td></td></tr>
</table>

</td><td>५०,१५१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>

**बीजक पेश नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर निम्न भुक्तानीमा उल्लेखित व्यहोरा पुरा भए नभएको जाँच नगरी भुक्तानी दिएको देखिएकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने, रु.

<table>
<tr><th>क्र सं</th><th>गो भौ नं र मिति</th><th></th><th>बिबरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>९६।२०७७।१२।२</td><td></td><td>वाइ आर कन्स्ट्रक्सन तेश्रो रनिङ बिलको</td><td>८२५००</td><td>प्रोभिजनल सममा ब्यबस्था भएका शुरक्षा मेजर लगायतखर्चका छुट्टै सक्कलै बिल भर्पाइ पेश नभएका ।</td></tr>
<tr><td>२</td><td>१२४।२०७७।१२।१५</td><td></td><td>एम के टि डि आर जे भी</td><td>५२१९९०९</td><td>फल्टुडे बयाला धनेरी शडक निर्माण वडा नं ६ को दोश्रो रनिङ बिल रु १६५००००।०० पेश्की फछर्योट समेतका नापी किताब कर बिजक लगायतका फाटबारी पेश नभएका ।</td></tr>
<tr><td>३</td><td>२१९।२०७८।३।१८</td><td></td><td>एम के टि डि आर जे भी</td><td>२२८२७९</td><td>फल्टुडे बयाला धनेरी शडक निर्माण वडा नं ६ को तेश्रो रनिङ बिल रु १४५५६७६।७१ मध्दे रु २०००००।०० पेश्की फछर्योटका फाटबारीसाथ प्रोभिजनल सममा ब्यबस्था भएका बिमाशुल्क लगायतका रकम भुक्तानी गरेकोमा सो को कर बिजक लगायतका सक्कलै बिलभर्माइ पेश नभएका ।</td></tr>
<tr><td>४</td><td>9/283/142/307।२०७८।३।२९ समेत</td><td></td><td>पृथ्वी कन्स्ट्रक्सन</td><td>७५०००</td><td>बिमा शुल्क भुक्तानी गरेकोमा बिमा लेख र सो को कर बिजक पेश नभएको ।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>५६०५६८८</td><td></td></tr>
</table>

</td><td>५,६०५,६८८</td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **मु अ कर समायोजनको प्रमाण**<br>मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची - ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने थप व्यबस्था रहेको छ ।तल तालिकाम उल्लेखित दुई व्यबसायीले रित पूर्बकको कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम तपसिलबमोजिमको मू.अ.कर रकम असुल हुनुपर्ने रु. | ८८,६१६ |

| क्र सं | गो भौ नं र मिति | बिबरण | बिल रकम | भुक्तानी मू अ कर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६२।२०७७।९।२७ | मोष्टा कन्स्ट्रक्सन | १,०४,६६७। | ६,०२१। | रितपूर्बकको कर बिजक पेश नभएको । |
| २ | २१९।२०७८।३।१८ | एम के टि डि आर जे भी | १४,५५,६७६।७१ | ८२,५९५। | कर बिजक नं २ मा मिति उल्लेख नगरेको र रकम केरमेट गरेको |
| | | जम्मा | | ८८,६१६। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>दाखिला प्रमाण पेश नभएको<br>पालिकाले असुल गरेको वा भुक्तानी दिँदा कट्टा गरेको कर रकम समयमै सम्मन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्दछ ।कार्यालयले बिभिन्न गोश्वारा भौचर र मितिबाट बिभिन्न निर्माण ब्यवसायी उपभोक्ता समिति आपूर्तक कम्पनी अन्य संघ सस्था लगायतबाट बिल बमोजिमको रकम भुक्तानी गर्दा कट्टी गरी राखेको अग्रिम आयकर र मूल्य अभिबृध्दि कर सम्बन्धित राजश्व खातामा दाखिला गरेको प्रमाण गोश्वारा भौचरसाथ संलग्न नरहेकोले सो को प्रमाण पेश गर्नु पर्ने रु .
<table>
<tr><th>क्र सं</th><th>गो भौ नं र मिति</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>२४०।२०७८।३।२०</td><td>मूल्य अभिबृध्दि कर</td><td>२७१९६।</td></tr>
<tr><td>2.</td><td rowspan="2">३०१।२०७८।३।२५</td><td>मूल्य अभिबृध्दि कर</td><td>२८६२४।</td></tr>
<tr><td>3.</td><td>अग्रिम आयकर</td><td>६६७६।</td></tr>
<tr><td>4.</td><td>३३६।२०७८।३।३१</td><td>मूल्य अभिबृध्दि कर</td><td>२५८४६।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८८३४२।</td></tr>
</table></td><td>८८,३४२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>
बढी भुक्तानी<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाबाट निम्नानुसार काम गर्दा पेश भएका बिल भर्पाइ प्रमाणका आधारमा बढी भुक्तानी र घटी अशूली गरेको देखिएकोले यस्तो प्रकृयाबाट काम गर्नेलाई जिम्मेबार बनाइ कैफियत देखिएको रकम असुल हुनुपर्ने रु,
<table>
<tr><th>क्र सं</th><th>गो भौ नं र मिति</th><th>बिबरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१६१।२०७८।१।१५</td><td>भुकुडाकोट सिंचाइ कुलो निर्माण उपभोक्ता समिति</td><td>४४५७।</td><td>पालिकासंग रु ३१०५५४।०० को संझौता बमोजिम रु २०००००।०० भुक्तानी दिने शर्त रहेकोमा रु २९४३१६।०० मात्रको कार्यसम्पन्न भएकोमा रु १८९५४२।०० मात्र भुक्तानी गर्नु पर्नेमा रु १९४०००।०० दिएकोले बढी भुक्तानी गरेको</td></tr>
<tr><td>२</td><td>३२।२०७७।७।२७</td><td>शिबिखर एग्रो प्रा लि</td><td>१२५९२।</td><td>मिनी टिलर २३ थान खरिद गरेको रु. १६७९००७।०० को कर बिजक बमोजिम १ दशमलब ५ प्रतिशतले हुने रु २५१८५।०० कट्टी गर्नु पर्नेमा रु १२५९३।०० मात्र कट्टी गरी घटी कर कट्टी गरेको</td></tr>
<tr><td>३</td><td>३०४।२०७८।३।२५</td><td>दिनेश मोटर्स प्रा लि</td><td>३३४५।</td><td>मिनीटिलर ७ थान खरिद गरेको रु. ५,२३,०००।०० को कर बिजक बमोजिम १ दशमलब ५ प्रतिशतले हुने रु ७८४५।०० कट्टी गर्नु पर्नेमा रु ४५००।०० मात्र कट्टी गरी घटी कर कट्टी गरेको</td></tr>
<tr><td>४</td><td>३०४।२०७८।३।२५</td><td>दिनेश मोटर्स प्रा लि</td><td>३८५००।</td><td>मिनीटिलर ७ थान खरिद गरेको रु ५,२३,०००।०० को कर बिजक बमोजिम ५० प्रतिशतले हुने रु. २,६१,५००।०० मात्र बजेट खर्च लेख्नु पर्नेमा रु. ३,००,०००।०० बजेट खर्च लेखेकोले</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५८८९४।</td><td></td></tr>
</table>
</td><td>५८,८९४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **अनुदानको अनुगमन**<br>गाउपालिका पुजिगतबाट यो बर्ष दुई आपूर्तक कम्पनीबाट आपूर्ति गरिएका रु ४०,०२,००७।०० मूल्यका ५४ थान मिनी टिलर बिभिन्न वडाका ५४ कृषकलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराइ रु. २०,३९,५००।०० खर्च लेखेको पाइयो । अनुदानमा बितरण गरेका कृषि मेशिनरी औजारको उपयोग र प्रभाबकारिता सम्बन्धमा कार्यालयबाट निरन्तर अनुगमन निरीक्षण र अबलोकन गरी प्रगति प्रतिबेदन लिनु पर्नेमा लिएको देखिएन । यस्तो अवस्थामा वितरण गरिएको सामान सम्बन्धित व्यक्तिले वितरणको उद्देश्य अनुसार प्रयोग गरेको छ भनी सुनिश्चित हुने अवस्था रहेन । यसमा सुधार हुनु पर्दछ । | |
| ४५ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरेर तथा नियम ३१(१) अनुसार रु. २० लाख भन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त बिबरण बमोजिम सडक निर्माण, भबन निर्माण तथा मर्मत सुधार, ह्युमपाइप खरिद लगायतका २३ कार्यको लागि रु. ८४,५८,७३५।५८ बराबरको कार्य रु. ५ लाख रुपैयासम्मका लागत अनुमान तयार गरी बिभिन्न निर्माण ब्यबसायी तथा आपुर्तक कम्पनीहरुबाट लागत अनुमानको हाराहारीमा काम गराइ रु. ७३,४४,८४०।६४ भुक्तानी दिएर काम गराएको पाइयो ।उक्त परिमाणको काम काम सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरि सोझै खरिद गरेको कार्य नियमित देखिदैन । खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरि गर्नु आबश्यक देखिन्छ । | |
| ४६ | | | **ह्यूमपाइप खरिद**<br>पालिकाले बिभिन्न निर्माण कार्य उपभोक्ता समिति वा निर्माण व्यबसायीमार्फत काम गराउँदा ह्युम पाइपसम्बन्धि काम भए उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट नै गराउने र त्यसको नाप जाँच सहितको मुल्याँङ्कन गरी भुक्तानी दिने गरेको देखिन्छ । पालिकाले श्रीपुर ह्यूमपाइप इन्डस्ट्रिजबाट रु.३९९६२४।- को ह्यूमपाइप खरिद गरी प्रयोजन नखुलाई बिभिन्न व्यक्तिलाई भर्पाइ गरी बितरण गरेको देखिन्छ । बितरित ह्युम पाइप कुन प्रयोजनमा कहाँ प्रयोग भए नाप जाँच र मुल्याङ्कन गरेको देखिदैन ।त्यस्तै बितरण गर्दा के कस्ता मापदण्डका आधारमा वितरण गरिने हो खुलाएको छैन । उक्त खरिद भएको ह्युमपाईप प्रयोग भएको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनसमेत पेश हुनुपर्ने रु. | ३९९,६२४ |
| ४७ | | | **वैठक भत्ता**<br>प्रचलित कानुन वमोजिम एउटै समयमा दुई वैठक वसेको भनि भत्ता वितरण गर्न मिल्ने देखिदैन।तर गो भौ ९८।२०७७।९।२९ बाट कर्मचारी छनौट समिती वैठक वापत रु ६३,०००।- वैठक भत्ता वापत खर्च देखाएको मा पुन सोही मितीमा कार्यालय समयभित्र नै गो भौ ९९।२०७७।९।२९ बाट रु ६३,०००।- र गो भौ १००।२०७७।९।२९ बाट रु ६३,०००।- गरि जम्मा रु१,२६,०००।- भुक्तानी भएको छ।यसरी दोहोरो पारी एकै समयमा भुक्तानी भएको रु १,२६,०००।- मा कर कट्टी पछिको रु १,०७,१००।- सम्वन्धित बाट असूल हुनुपर्ने | १०७,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **सवकन्ट्रयाक्टरबाट काम-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ ।पालिकले उपभोक्ता समितिबाटै काम गर्ने गरी सम्झौता भए पनि उपभोक्ता समितिले निर्माण व्यावसायी मार्फत सवकन्ट्याकमा काम गराएको भनि भुक्तानी माग गरेको आधारमा भुक्तानी दिएको छ ।नियमावलीमा भएको व्यवस्था विपरित काम गराउनेलाई जिम्मेवार बनाई अब उप्रान्त यस्ता कार्य नहुने सुनिश्चिततासहित उक्त रकम नियमित हुनुपर्ने रु. | ८,०८०,३६८ |

| क्र सं | गो भौ नं र मिति | बिबरण | संझौता रकम | भुक्तानी रकम | निर्माण ब्यवसायी |
|---|---|---|---|---|---|
| 1. | ६९।२०७७।९।२८ | साउटिम्ला शडक निर्माण उपभोक्ता समिति | ५०००००। | ४८५००० | पन्चकोटी कन्स्ट्रक्सन प्रा लि |
| 2. | ९१।२०७७।११।२६ | भावर टुनेपानी शडक निर्माण उपभोक्ता समिति | ६०००००। | ५७४३७५ | आर आर एस कन्स्ट्रक्सन |
| 3. | १२२।२०७७।१२।१३ | खैराला जुरे हिजिरे शडक निर्माण उपभोक्ता समिति | ४९९२७२। | ४८४२७१ | आर आर एस कन्स्ट्रक्सन |
| 4. | १४९।२०७७।१२।२० | खानीडाडा भा०० कृषि शडक निर्माण उपभोक्ता समिति | ६७९०००। | ६७९००० | भुमिराज निर्माण सेबा |
| 5. | ११९।२०७७।१२।१२ | गर्मा खैराला शडक निर्माण उपभोक्ता समिति | ७०३८६४५। | २००१६२२ | लामीडाडा निर्माण सेबा |
| 6. | १४७।२०७७।१२।३० | | | १६९३८२७ | चुरे निर्माण सेबा |
| 7. | २६९।२०७८।३।२४ | | | २१६२२७३ | लामीडाडा निर्माण सेबा |
| | | जम्मा रु. | | ८०८०३६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **सामाजिक सुरक्षा भत्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.१ | | | सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस बैंक मार्फत रु.३,५८,१९,७८४। वितरण गरेको छ । बैंकबाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैंकमा पठाएको र बैकले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन । गाउँपालिकाले वेलामा लगत अद्यावधिक नगरेका कारण बैकलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकले ठूलो रकम फिर्ता गर्ने गरेको देखियो । यस्तै भत्ता वितरण गर्ने बैकहरुले लाभग्राहीहरुको डोरमेट खाताको विवरण उपलव्ध नगराउदा के कति रकम वितरण भएको हो यकिन गर्न सकिएन । सो सम्बन्धमा तहाँ कार्यालयबाट विवरण माग गरी यकिन गर्नुपर्ने र वेलैमा लगत कट्टा र विवरण अद्याधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४९.२ | | | समाजिक सुरक्षा भत्ता वितरण कार्यविध २०७७ को नियम ११(२) मा कुनै लाभग्राही एकल महिलाले विवाहा गरेमा निजको नाम लाभग्राही सुचिबाट कट्टा गराउनुपर्ने व्यवस्था छ । यस पालिकाले २ नं वडाका लाभग्राही एकल महिला रोजिना थापा मगरले विवाहा गरेको भनि २०७७/३/२८ मा लगत कट्टा गरेको तर बैंकमा सोको जानकारी नगराएको कारण निजलाई आ।व। २०७७/७८ को एकल महिला भत्ता बापत रु ८०००।० निजको बैंकखातामा भुक्तानि दिएको देखिन्छ । अतः विवाहित महिलालाई दिइएको भत्ता बापतको रकम असुल गरिनुपर्ने रु | ८,००० |
| ५० | | | **सवारी मर्मत**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(३) मा मालसामानको उपकण वा पार्टपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँच हजारभन्दा बढी पर्ने उपकरण वा पार्टपूर्जाको अभिलेख राख्नु पर्ने र त्यस्ता पार्टपूर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ ।तर कार्यालयले विभिन्न समयमा सवारी साधन मर्मतको अभिलेख राख्ने गरेको पाइएन । नियमावलीको पालना गरि सवारी मर्मतको र पार्टपुर्जाको अभिलेख राख्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>सेवा शुल्क<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलिकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएकामा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । पालिकाले विभिन्न गैर सरकारी संस्थाबाट पनि पालिकाको विभिन्न कार्यहरु सञ्चालन गर्न लगाउने गरेको छ । यता संस्था व्यवसायि रुपमा दर्ता भएका संस्था हुन वा गैर नाफामुलक छुट पाउने यकिन नगरि काम दिने गरेको छ । व्यवसायिक संस्था भए प्रचलित ऐन नियमानुसार कट्टा गर्नुपर्नेमा गरेको पनि देखिदैन । यस्ता संस्थाबाट काम गराउँदा दर्ता प्रमाणपत्र सहित आवश्यक प्रमाण कागजात लिई आवश्यक्ता अनुसार विल भरपाई तथा लेखापरीक्षण प्रतिवेदन समेत लिई सकेसम्म प्रतिस्पर्धात्मक माध्यमबाट काम गराउने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>भौ नं/मिति</th><th>कार्यक्रम र संस्थाको नाम</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>६४७।२०७८/३/१४</td><td>सिलाई कटाइ तालिम(जन जाग्रीति महिला सञ्जाल)</td><td>१,४४,७६५</td></tr>
<tr><td rowspan="2">९१०।२०७८/३/३०</td><td>न्यायिक समितिको क्षमता विकास तालिम</td><td rowspan="2">४,११,७८२</td></tr>
<tr><td>(लालिगुराँस साँस्कृतिक तथा पर्यटन विकास केन्द्र)</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५,५६,५४७</td></tr>
</table></td><td>८३,४८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **प्रधानमन्त्रि रोजगार कार्यक्रम**<br>प्रधानमन्त्रि रोजगार कार्यक्रम - स्थानीय तहमा सूचिकृत व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५,को दफा २(१) वमोजिम सूचिमा समावेश भएकाहरुलाई प्राथमिकरण गरि कामका लागि रोजगार कार्यक्रममा सञ्चालन गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा ,कार्यालयले वेरोजगारको प्राथमिकरण गर्ने सूचक तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरि वेरोजगारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन।कामका लागि रोजगारी कार्यक्रम कार्यान्वियन लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, भएको औजारहरुको जिन्सी दाखिला नभएको ,पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना अनुत्पादक योजना छनौट भएका देखिन्छन। श्रमिकको सँख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप रोजगारी उपलव्ध गराउन नसकिएका कारण लक्ष्य हासिल गर्ने गरि कार्यक्रम कार्यान्वियन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका वडाहरुमा सिचाई मर्मत,पहिरो तटवन्ध, सडक स्तरोन्नति , खेल मैदान घेरवार तथा पर्खाल मर्मत सम्भार लगायतका १४ योजना कार्यक्रम सञ्चालन गरि २१० जनालाई १०,०८० दिन र औषतमा ४८ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक खर्च तथा कार्यक्रम खर्च रु १,१७,३०,५८९।- खर्च गरेको छ।उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना भएको देखिदैन।रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्ने मुख्य लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्यिन गर्दा वजेट,वेरोजगारीको सँख्या र सम्भाव्य योजना समेत मिल्ने गरि कार्यक्रम छनौट एवँ स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ।यस्तो प्रकृयामा सुधार हुनुपर्दछ। | |
| ५३ | | | **वढी भुक्तानी**<br>खानीडाडा पलाष्टिक टनेल निर्माण उपभोत्ता समिती योजनामा ४० प्रतिशत उपभोक्ता समिती अँश रहने गरि लागत अनुमान रु १७,९८,५०३।- को सम्झौता वमोजिम गो भौ १४४।२०७७।१२।४ बाट रु ८,६९,४७५।- भुक्तानी भएको छ।उक्त योजनाको कार्य सम्पन्न विल रु ११,८६,४२८।-मा उपभोत्ता अँश कटाई रु ७,११,८५७।- भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी भएको असूल हुनुपर्ने रु | १५७,६१८ |
| ५४ | | | **नगद दाखिला गरि पेश्की फस्यौट**<br>कार्यालयको कामको सिलसिलामा कर्मचारी तथा पदाधिकारीले लिएको पेश्की तोकिएको समयमा कार्यक्रम कार्यान्वियन गरी नियमानुसार फस्यौट गर्नुपर्ने व्यवस्था छ । गो भौ न ४९५।२०७७।११।२६ बाट श्री जयराज ओझाले लिएको पोषण कार्यक्रम को कार्यक्रम पेश्की रु ६०४०००।- कार्यक्रम नगरी नगदै दाखिला गरि पेश्की फस्यौट गरेको छ। यसरी कार्यक्रम नगरी सोही रकम नगद दाखिला गरि पेश्की फस्यौट गरेकोले अव आइन्दा यस्तो गरि पेश्की फस्यौट नगर्ने सुनिश्चितता सहित पेश्की रकमको हुने सुद सहित असूल गरी नियमित हुनुपर्ने रु | ६०४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>सेनीटरी प्याड<br>सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड २६,००० थान सिलबन्दी दरभाउपत्रको माध्यमबाट प्रति थान रु. ४३।- (मु अ करबाहेक) को लागत अनुमान गरी के एण्ड के ट्रेड प्वाइन्टबाट प्रति थान रु.४७।४६ मा कुल रु.१२,३३,९६०।- (मु अ कर समेत) भुक्तानी गरी खरिद गरेको छ । स्यानीटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्नेमा राखेको प्रमाण पेश नभएको , खरिद गरेका प्याडहरु तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तर जाँच गरेको प्रमाण नरहेको, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सार्वजनिक जग्गामा भवन निर्माण<br>यस कार्यालयले यस पालिका अर्न्तगत निम्न अनुसारका भबन बनाउने सम्झौता गरी काम गराएको छ ।<br>
<table>
<tr><td colspan="7">रु. हजारमा</td></tr>
<tr><td>कामको बिबरण</td><td>लागत अनुमान रु.</td><td>ठेक्का रकम रु.</td><td>सम्झौता मिति</td><td>काम सम्पन्न गर्ने मिति</td><td>यो बर्षको खर्च रु.</td><td>निर्माण व्यबसायी</td></tr>
<tr><td>वडा नं १ को कार्यालय भवन</td><td>१,५२,३३</td><td>१,०६,३५</td><td>०७६।२।२०</td><td>०७८।९।३१</td><td>८२,९२</td><td>पृथ्वी कन्स्ट्रक्सन</td></tr>
<tr><td>वडा नं ५ को कार्यालय भवन</td><td>२,२३,३०</td><td>१,१३,९५</td><td>०७८।३।३</td><td>०७८।३।३१</td><td>१,१३,९५ (कार्य सम्पन्न भएको )</td><td>पृथ्वी कन्स्ट्रक्सन</td></tr>
</table>
उल्लेखित भवन बनाउदा भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआव्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले उक्त स्थानमा घर बनाउने जग्गाको व्यबस्थापन नै नगरी यस कार्यालयको नाममा दर्ता नै नभएको सार्बजनिक जग्गामा बिभिन्न भबन बनाउने सम्झौता गरी निर्माण कार्य गराइरहेको पाइयो । यस्ता कार्य प्रचलित कानून विपरित हुने हुँदा कानूनी प्रकृया पुरा गरी पालिकाको स्वामित्व भएको जग्गामा मात्र भबन बनाउने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **बढी भुक्तानी**<br>गल्टुडे मथुरे शान्तिनगर सडक निर्माण सुधारका लागि उक्त कार्यका उपभोक्ता समितिलाई कुल रु.४,६१,९८४।५४ भुक्तानी दिने गरी काम गराएकोमा उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेको बील भरपाईमा ६०० एम एम को २ थान प्रति थान रु.१८,४८०। का दरले रु.३६,९६०। मा खरिद गरी भुक्तानी दिएको प्रमाण पेश भएकोमा सोही पाइप प्रयोग भएको नाप जाँच गरी भुक्तानी दिनु पर्नेमा, ९०० एम एमको १० थान ह्युम पाइप कुल रु.३,७४,४८०।२९ मा खरिद गरी प्रयोग गरेको भनि नापी किताब तयार गरेको देखिएको छ । खरिद गरेको यथार्थ बिलभन्दा बढी संख्या र साइजको ह्युम पाइप प्रयोग गरेको देखाउने कार्य मनासिब देखिएन । खरिद गरेको प्रमाण पेश भएको ६०० एम एम साइजको ह्यूम पाइपको खरिद खर्च रु. ३६,९६०। र लागत अनुमान अनुसार उक्त पाइपको हुने जडान खर्च रु.७,९४०। समेत कुल रु.४४,९००। कट्टा गरी बढी भुक्तानी दिएको रु.३,२९,५८०।- एकिन गरी बढी भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ३२९,५८० |
| ५८ | | | **आन्तरिक राजस्व**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले आन्तरिक आय वापत आम्दानी गरेको विवरण पेश गरेकोमा राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता अद्यावधिक गरेको नदेखिएकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| ५९ | | | **आयको अभिलेख**<br>आन्तरिक आयतर्फ प्राप्त हुनु पर्ने र प्राप्त राजश्व सम्बन्धमा भिडान गर्ने गरेको छैन । करदाताले दिएको रकमलाई नै यथार्थ रकम मानि आम्दानी गर्ने गरेको छ । साथै आय आर्जन तथा लेखाङ्कन प्रयोजनका लागि सबै म.ले.प.फारामहरु प्रयोग गरेको पनि छैन । यस्तो अवस्थामा यथार्थ रुपमा समयमानै आय प्राप्त गरी दाखिला गरेको छ भनि विश्वस्त हुने अवस्था समेत छैन । यसमा सुधार हुनुपर्दछ । | |
| ६० | | | **कर कट्टी**<br>करकट्टी : आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्रामिण सेवा केन्द्र वैतडीलाई ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको सामाजिक परिचालन तथा प्राविधिक सहयोग बापत सेवा परामर्श सहयोगी सँस्था रुपमा रु २८,४८,७३७।- भुक्तानी गरेको छ।सो संस्थालाई गरेको भुक्तानी १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा, अग्रिम करकट्टी नगरि भुक्तानी गरेकोले, कर छुट भएको रकम रु. ४२७३११ सम्बन्धित संस्थाबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | ४२७,३११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **वितरित भरपाईको आधिकारिकता**<br>प्रदेश आर्थिक कार्यविधी नियमावली २०७६ को दफा मा स्वीकृत वजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु व्यवस्था छ। कार्यालयबाट सञ्चालित कार्यक्रम सञ्चालन भएका वितरण भरपाईमा मिती समेत नखुलेको , सँख्या किटान नभएको र ,केहिमा हस्ताक्षर नरहेको समेत पाईयो।साथै सवै भरपाईहरु सादा पानामा तथा पालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन। वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु वुझाउदा पहिचान स्पष्ट खुल्ने विलभरपाई तयार गरी सो लाई आधिकारिक व्यक्तिबाट प्रमाणित भई आएपछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ। | |

| गो भौ/मिती | कार्यक्रमको नाम | कार्यक्रम खर्च रु |
|---|---|---|
| ३३७।२०७८।३।२० | कागती ६०० र अमिलो ३००वोट वितरण/ नवजागरण कृषक समूह | १,०२,०००।- |
| ३३८।२०७८।३।२० | कागती ५००वोट वितरण/युवा जाग्रती कृषक समूह | ७५,०००।- |
| ३३९।२०७८।३।२० | कागती १००० वोट वितरण/लालि गुँरास समूह | १,५०,०००।- |
| ४३०।२०७८।३।२४ | ५२०० के जी आलु विऊ वितरण/सिद्वबाबा कृषक समूह | ३,९०,०००।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **प्रमाण पेश हुनुपर्ने**<br>कार्यालयले निम्न सँस्थाहरुलाई सामाग्रीहरु खरिद वापतको रकम खर्च देखाएकोमा उक्त सामाग्रीहरु सँस्थाको जिन्सीमा आम्दानी बाधि प्रमाण पेश हुनुपर्नेमा लेखापरीक्षण समय सम्म प्रमाण पेश नगरेकोले आयव्यय विवरण वनाउनेको हकमा समवन्धित आ. व. को आयव्यय विवरणमा समावेश गरेको प्रमाण सहित जिन्सी दाखिलाको प्रमाण पेश हुनुपर्ने रु | २,७०५,००० |

| गो भौ/सँस्था | कार्यक्रम विवरण | रकम रु |
|---|---|---|
| २०८/ सिद्दवावा कृषक समूह | मिनीटिलर १ वटा | ७५,०००।- |
| ४०१/भगवती आधारभूत विद्यालय वडा न ३ | ल्यापटप- २ ,डेस्कटप -२ प्रिन्टर -१ सहितका शैक्षिक सुधार कार्यक्रमका सामाग्री खरिद | ६,५०,०००।- |
| ४०३/सिद्दवावा आधारभूत विद्यालय वडा न ६ | ल्यापटप -२, डेस्कटप -३, प्रोजेक्टर-१, प्रिन्टर -१ ,टेवल -३ सहितका शैक्षिक सुधार कार्यक्रमका सामाग्रीहरु खरिद | ६,५०,०००।- |
| ४०७/भगवती आधारभूत विद्यालय | ल्यापटप -२, प्रोजेक्टर-१ सहितका शैक्षिक सुधार कार्यक्रमका सामाग्रीहरु खरिद | ६,५०,०००।- |
| ४१३/निगाली वाख्रा पालन नमुना कृषि समिती | मिनी टिलर -८ वटा | ६,८०,०००।- |
| जम्मा | | २७,०५,०००।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **आन्तरिक लेखापरीक्षण** | |
| ६३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ बमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका अन्तरसरकारी अख्तियारीका शीर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षणप्रतिवेदनमा औँल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्यौंट भएको प्रमाण पेश नभएकाले बेरुजु कायम गरिएको छ । आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरीक्षणको लागि अद्याबधिक गराउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३.२</td><td></td><td></td><td>तपसिलबमोजिमको कैफियतमा उल्लिखित व्यहोराबमोजिमको रकम असुल दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>गो भौ नं.</th><th>नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२/ सामाजिक सुरक्षा तथा संरक्षण</td><td>वडा सचिव वेदप्रसाद उपाध्याय</td><td>४८००</td><td>सामाजिक सुरक्षा भत्ता वितरण पछिको वचत रकम असुल दाखिला गर्नुपर्ने</td></tr>
<tr><td>२</td><td>७/ स्थानीय पूर्वाधार विकास</td><td>खानीडाँडा गुणी गोपाले सडक नि.उ.स.</td><td>१०९२१</td><td>सामाजिक सुरक्षा कर र बहाल कर कट्टी नगरेकोले असुल दाखिला गर्नुपर्ने</td></tr>
<tr><td>३</td><td>९/ स्थानीय पूर्वाधार विकास</td><td>चिनानी ढुंगा खानेपानी नि.उ.स.</td><td>४२८७</td><td>सामाजिक सुरक्षा कर कट्टी नगरेकोले असुल दाखिला गर्नुपर्ने</td></tr>
<tr><td>४</td><td>११/ स्थानीय पूर्वाधार विकास</td><td>बाटेगडा चिसापानी सिंचाई योजना नि.उ.स.</td><td>४९७८</td><td>सामाजिक सुरक्षा कर कट्टी नगरेकोले असुल दाखिला गर्नुपर्ने</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४९८६</td><td></td></tr>
</table></td><td>२४,९८६</td></tr>
<tr><td>६३.३</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(संचालन कार्यविधि) नियमावली, २०७७ को अनुसूची २ बमोजिम छनोट भई समितिको बैठकबाट स्वीकृत भएका योजनाहरुको भुक्तानी बाहेक विभिन्न योजनाको कन्टिन्जेन्सीबाट कट्टि गरिएको रकम निगाली खैराला सडक मर्मत उ.स.लाई कन्टिन्जेन्सीबाट उपभोक्ता बिल भुक्तानी गरेको नियमित गर्नुपर्ने रु.</td><td>१८३,८३२</td></tr>
<tr><td>६३.४</td><td></td><td></td><td>सफल लक्ष्मी कन्स्ट्रक्सनलाई मूल्य अभिवृद्धि कर रु.१९४००७।- भुक्तानी भएकोमा सो रकमको ३० प्रतिशत मु.अ. कर रु.५८२०२।- कट्टि गरी दाखिला गर्नुपर्नेमा सो नगरेकाले उक्त मु . अ. कर रकम समायोजन भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>५८,२०२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु.६७२४६२८।- सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>५८३१३०००</td><td>६७२४६२८</td><td>५१५८८३७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
सम्परीक्षण<br>
लेखापरीक्षणको क्रममा निम्नानुसारका बेरुजु सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३७ बमोजिम सम्परीक्षणको लागि पेश भएको रु.६७२४६२८।- सम्परीक्षण भएको छ ।
<table>
<tr><th>आ.व.</th><th>दफा</th><th>विवरण</th><th>रकम</th><th>व्यहोरा</th></tr>
<tr><td rowspan="8">०७६।७७</td><td>८५</td><td>तोकिएभन्दा बढी बैठक भत्ता वितरण</td><td>११७३०</td><td>असुल दाखिला भएको प्रमाण पेश भएको आधारमा फर्स्योट</td></tr>
<tr><td>८८</td><td>प्रतिलिपि बीजकको आधारमा भुक्तानी</td><td>२००००</td><td>प्रमाण पेश भएको आधारमा फर्स्योट</td></tr>
<tr><td>८८.१</td><td>प्रमाणवेगर खर्च</td><td>६५००</td><td>प्रमाण पेश भएको आधारमा फर्स्योट</td></tr>
<tr><td>८८.२</td><td>नर्म्सभन्दा बढी भुक्तानी</td><td>८७००</td><td>असुल दाखिला भएको प्रमाण पेश भएको आधारमा फर्स्योट</td></tr>
<tr><td rowspan="4">१०१</td><td>पेश्की फर्स्योट</td><td></td><td></td></tr>
<tr><td>पौरखी कृषि सहकारी संस्था लि.</td><td>२८९७६४</td><td rowspan="3">पेश्की फर्स्योट भएको प्रमाण पेश भएको आधारमा फर्स्योट</td></tr>
<tr><td>पौरखी कृषि सहकारी संस्था लि.</td><td>१०२२००</td></tr>
<tr><td>जनकल्याण कृषि सहकारी संस्था लि.</td><td>२५७९८५</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जनकल्याण कृषि सहकारी संस्था लि. | ८०००० | | |
| | | | | | न्यू जनज्योति कृषि सहकारी संस्था लि. | ३१६७४९ | | |
| | | | | | न्यू जनज्योति कृषि सहकारी संस्था लि. | ८०००० | | |
| | | | | | भगवती मा.वि. शौचालय नि.उ.स. | ४४७००० | | |
| | | | | | भगवती मा.वि. शौचालय नि.उ.स. | ९६००० | | |
| | | | | | अलैचि जुकेपानी खा.पा. तथा सरसफाइ उ.स. | २२३२००० | | |
| | | | | | अलैचि जुकेपानी खा.पा. तथा सरसफाइ उ.स. | १५०००० | | |
| | | | | | मेलागैरा खोला सुधारिएको पानीघट्ट नि.उ.स. | १००००० | | |
| | | | | | ढुङ्गेपानी खानेपानी तथा सरसफाई उ.स. | ११७६००० | | |
| | | | | | जम्मा | ६७२४६२८ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू E=A+C+D |
|---|---|---|---|---|
| ५१५८८३७२ | ० | ३५६५४३४६ | ० | ८७२४२७१८ |